# नारी नाटककारका नाटकमा लोकविश्वास

**कान्छी महर्जन**
उपप्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ
इमेल : maharjankanchi@gmail.com
DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86375

**लेखसार**

*नेपाली नाट्यपरम्परामा नारी नाटककारको उपस्थिति नेपाली नाटकको आधुनिक कालमा आएर मात्र देखिएको पाइन्छ । नेपाली एकाङ्की क्षेत्रमा २०११ सालबाट र पूर्णाङ्की नाटकमा २०१५ सालबाट मात्र नारी नाटककारको उपस्थिति देखिन्छ । प्रस्तुत लेखमा उद्देश्यमूलक रूपमा नारी नाटककारका नाटक-एकाङ्कीको चयन गर्दै तिनमा रहेका लोकविश्वासको अध्ययन विश्लेषण गर्दा ती नाटकहरूमा लोकविश्वासको व्यापक प्रयोग पाइन्छ । लोकजीवनको आरम्भसँगै लोकविश्वासको आरम्भ भएको हो । अदृश्य शक्तिलाई बढी महत्त्व दिएर हरेक भयबाट मुक्त हुनकै लागि अथवा अशुभबाट शुभको मार्ग पहिल्याउँदै त्यसको निदानात्मक कार्यान्वयन लागि अनेक धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा आधारित लोकविश्वास सिर्जित र प्रचलित पाइन्छन् । यस लेखमा सावित्री पोखरेलको कलंकी समाज (२०५०) र विचलित वर्तमान नाटक, सुधा त्रिपाठीको निःश्वासका गुजुल्टाहरू (२०५५) एकाङ्कीसङ्ग्रहमा समावेश उनी फर्कंदिनन् कि ! एकाङ्की, जयन्ती 'स्पन्दन' र विजया 'स्मृति' को संयुक्त लेखनमा प्रकाशित दिदीबहिनी (२०६३) एकाङ्कीसङ्ग्रहमा समावेश चेतना, जागा नहोऊ, सुत र जीवनस्रोत एकाङ्कीको लोकविश्वाससँग सम्बन्धित मान्यताका आधारमा अध्ययन र विश्लेषण गरिएको छ । साहित्यमा जीवनजगत्को प्रतिबिम्ब प्रकट हुने हुँदा लोकविश्वासको प्रयोगविना जीवनको वास्तविकता बोध गराउन कठिन हुन्छ । लोकको विश्वास, आस्था र पत्यार नै लोकविश्वास हो भन्ने सैद्धान्तिक मान्यतालाई लिएर नारी नाटककारका नाटकएकाङ्कीको निगमनात्मक विधिद्वारा विश्लेषण गरिएको छ । नारी नाटककारका नाटकमा विविध प्रकारका लोकविश्वासको प्रयोग देखिनुका साथै समयसान्दर्भिक कतिपय लोकविश्वासहरू जस्तै लैङ्गिकताप्रति नकारात्मक अर्थ राख्ने लोकविश्वासहरू र अन्धविश्वासहरू परिवर्तित हुँदै जानुपर्ने चेतनाले युक्त रहेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** अन्ध आज्ञापरायणता, अपशकुन, आत्मशीलता, लोकधर्म, शकुन ।

**विषयपरिचय**

लोकसमाजमा परम्परादेखि नै रूढ तत्त्वहरू अर्थात् लोकतत्त्वहरू रहेका छन् । सामूहिक अवचेतनमा स्थिर यस्ता लोकतत्त्वभित्र अतिकल्पना, आत्मशीलता, जादु, टुनामुना, धर्म, लोकविश्वास, आनुष्ठानिक विचारहरू, परम्परित चिन्तन, लोक प्रचलन आदि पर्दछन् । यस्ता

लोकतत्त्वका सामग्रीहरू लोकगीत, लोकनाटक, लोकगीतका साथसाथै आधुनिक साहित्यमा समेत समावेश/प्रयोग भएका पाइन्छन् । यस लेखमा नारी नाटककारका नाटकमा रहेका लोकविश्वासका सामग्रीहरूको वैज्ञानिक ढङ्गबाट अध्ययन र विश्लेषण गरिएको छ । यो अध्ययन नारी नाटककारका नाटकमा प्रयुक्त लोकविश्वास विषयक मूल प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ ।

नेपाली नाट्यपरम्परामा नारी नाटककारको उपस्थिति खोज्नका लागि सन् १९५४ अर्थात् २०११ सालसम्म पुग्नुपर्ने हुन्छ । नाटककार राधिका रायाले मलाया (सिङ्गापुर) मा शिक्षिका पदभार लिई प्रवासकालीन समयमा बस्दा कथा, कविताका साथसाथै नाट्यरचना पनि गरेकी छन् । उनका एकाङ्कीहरू *आदर्श दीप* र *जीवनको इच्छा* दार्जीलिङबाट प्रकाशित हुने भारतीमा सन् १९५४ मा प्रकाशित देखिन्छन् । सिङ्गापुरस्थित सैनिक आकाशवाणीमा समयसमयमा प्रसारण हुने रेडियो रूपक तथा एकाङ्की नाटक प्रतियोगितामा सन् १९५४ मा *जीवनको इच्छा*ले प्रथम इच्छा प्राप्त गरेको थियो । यसरी नेपाली नाट्यपरम्परामा प्रथम नारी एकाङ्कीकारका रूपमा राधिका रायाको उपस्थिति पाइन्छ । यिनैबाट नेपाली नाट्यपरम्परामा नारी नाटककारको उपस्थिति शून्यबाट एक हुन पुगेको हो । शून्यबाट एकसम्मको यात्रा तय गर्नु निकै महत्त्वपूर्ण कार्य मानिन्छ । २०१५ सालमा आएर नारी नाटककारका पूर्णाङ्की नाटक प्रकाशन हुन्छ । उन्नयन प्रकाशनबाट २०१५ सालमा श्रीमती सावित्री पोखरेल (उपाध्याय)को *कलंकी समाज* प्रकाशित हुन्छ । नेपाली नाटकको आधुनिक कालमा आएर मात्र नेपाली नाट्यपरम्परामा नारी नाटककारको उपस्थिति देखिएको हो तापनि हाल नेपाली नाट्यपरम्परामा मायादेवी सुब्बा, बेञ्जू शर्मा, कुमारी किरण शाक्य, विद्यादेवी दीक्षित, मन्जु काँचुली (तिवारी) शान्ता श्रेष्ठ, वेदकुमारी न्यौपाने, बाबा बस्नेत, सुधा त्रिपाठी, शारदा सुब्बा, शिवानीसिंह थारू, पारिजात, हरिमाया भेटवालजस्ता सशक्त नारी नाटककारको उपस्थिति देखिनु गौरवको विषय पनि हो । हाल सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिबाट नेपाली नाट्यक्षेत्रमा नारी नाटककारको योगदान विशेष देखिन्छ । यस शोध लेखमा उद्देश्यमूलक नमुना छनोट गर्दै केही प्रतिनिधि नारी नाटककारका प्रतिनिधि नाटक अध्ययनका लागि लिइएको छ । यी नाटकहरूमा लोकविश्वासको प्रयोग सशक्त रहेको छ । नारी नाटककारका नाटकमा लोकविश्वासको समावेश तथा प्रयोग केकस्तो रूपमा भएको छ ? भन्ने मूल समस्याको समाधानमा यो अनुसन्धान केन्द्रित रहेको छ । षडानन्द पौड्याल (२०७८)ले *नेपाली लोकविश्वास* नामक पुस्तकमा 'नेपाली नाटकमा लोकविश्वास' शीर्षकअन्तर्गत नेपाली नाटकमा प्रयुक्त लोकविश्वासको अध्ययन र विश्लेषण गरेका छन् । यसमा उनले "गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल गोठाले, ध्रुवचन्द्र गौतम, बालकृष्ण सम, मनबहादुर मुखिया, मोहनराज शर्मा, विजय मल्ल आदि नाटककारहरूका नाटकमा लोकविश्वास व्यक्त गरिएको छ" (पृ. ४६०-४६१) भनेका छन् र यिनै नाटककारका नाटकमा प्रयुक्त लोकविश्वासको मात्र अध्ययन भएको देखिन्छ । नारी नाटककारका नाटकएकाङ्कीमा प्रयुक्त लोकविश्वासको विषयलाई सम्बोधन गर्ने गरी हालसम्म कुनै अध्ययन भएको देखिँदैन । शोध्य विषयको यसै रिक्ततालाई सम्बोधन गर्न प्रस्तुत लेखको आवश्यकता बोध गरिएको हो ।

**अध्ययनको विधि**

प्रस्तुत अध्ययन नारी नाटककारका नाटकमा प्रयुक्त लोकविश्वासको विश्लेषणमा केन्द्रित रहेको छ । तसर्थ यस अनुसन्धान कार्यका निम्ति उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएका सावित्री पोखरेलको *कलंकी समाज* (२०५०) र *विचलित वर्तमान* नाटक, सुधा त्रिपाठिको निःश्वासका गुजुल्टाहरू (२०५५) एकाङ्कीसङ्ग्रहमा समावेश *उनी फर्कँदिनन् कि!* एकाङ्की, जयन्ती

'स्पन्दन' र विजया 'स्मृति'को संयुक्त लेखनमा प्रकाशित *दिदीबहिनी* (२०६३) एकाङ्कीसङ्ग्रहमा समावेश *चेतना, जागा नहोऊ, सुत* र *जीवनस्रोत* एकाङ्की प्राथमिक सामग्रीका रूपमा रहेका छन् । ती नाटकएकाङ्कीलाई लोकविश्वासको सैद्धान्तिक पक्षहरूलाई आधार बनाएर विश्लेषण गरिएको हुनाले लोकविश्वासका सन्दर्भमा चर्चा गरिएका विभिन्न पुस्तक, लेख, समीक्षा आदिलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । लोकविश्वासको सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । उद्देश्यमूलक नमुना छनोट विधिबाट छानिएका नाटक र लोकविश्वासका सम्बन्धमा चर्चा गरिएका सामग्रीहरू पनि द्वितीयक सामग्रीका रूपमा रहेका छन् । विश्लेषणलाई अनुसन्धानात्मक र शोधपरक बनाउनका निम्ति साहित्यिक रचनामा लोकविश्वासको विश्लेषण गर्ने सैद्धान्तिक मान्यतालाई मुख्य आधार बनाइएको छ। प्रस्तुत शोधकार्यमा लोकविश्वासका सैद्धान्तिक पक्षलाई आधार बनाएर कृतिको साक्ष्य प्रस्तुत गरिएकाले यसमा निगमनात्मक शोधविधिको प्रयोग भएको छ। नाटक-एकाङ्कीमा आएका उद्धरणका आधारमा विश्लेषण भएकाले प्रस्तुत अध्ययन पाठविश्लेषणकेन्द्री तथा विश्लेषणको ढाँचा गुणात्मक रहेको छ । यस अध्ययनमा वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक अध्ययन पद्धतिको प्रयोग भएको छ ।

**सैद्धान्तिक आधार**

लोक समाजमा रूढ तत्त्व (लोक तत्त्व)का रूपमा लोकविश्वासको अवधारणा र परम्परा आदिम समयदेखि रहँदै आएको पाइन्छ। यसलाई नै लोकजीवनले सबैभन्दा ठुलो शक्ति मान्दै आएका

पाइन्छन् । "लोकतत्त्वभित्र अतिकल्पना, आत्मशीलता, जादु, टुनामुना, धर्म अनुष्ठान, लोकविश्वास, लोक रीतिरिवाज र परम्परित चिन्तनहरू पाइन्छन्" (पराजुली, २०७२, पृ. ४०) । लोक तत्त्वभित्र लोकविश्वास पनि समावेश छ। मानव जीवनको प्रारम्भ भएको समयदेखि नै जीवनलाई सुरक्षित गर्ने दृष्टिले मानिसले विविध किसिमका विश्वासका आधारहरू सिर्जना र ग्रहण गर्दै आएका देखिन्छन्। वेदलगायत प्राचीन धार्मिक तथा पौराणिक ग्रन्थ रामायण, महाभारतलगायतका ग्रन्थहरूमा पनि थुप्रै लोकविश्वासहरू विद्यमान रहेका प्रसङ्गहरू भेट्न सकिन्छ। यिनीहरूमा विश्वास फलदायक हुने र कर्म तथा कर्तव्यप्रति अटल विश्वास राख्न प्रेरित गरेको छ। समयसँगै कतिपय लोकविश्वासहरू जड रूपमा लोकजीवनमा रहिरहेका छन्; कतिपय लोकजीवनबाट हट्दै र हराउँदै गइरहेका छन् भने समयसँगै कतिपय नवीन लोकविश्वासहरू सिर्जना हुँदै गएका पनि पाइन्छन् । "परम्परागत क्रमअन्तर्गत लोकमा प्रचलित चालचलन र विश्वासप्रतिको दृष्टि अथवा लोकजीवनगत विश्वासमा जुन मौलिकता छ त्यस दृष्टिको आधारमा यहाँ हाम्रो लोक संस्कृतिको निर्माण भएको कुरा सङ्केत गरिएको छ" (सुवेदी, २०५५, भूमिका, पृ. ?)। लोकविश्वास नै कालान्तरमा परम्परा र संस्कृतिका रूपमा स्थापित हुने गर्दछन् ।

'लोकविश्वास' शब्द तत्सम शब्द हो । 'लोक' र 'विश्वास' दुई शब्दबिच द्वन्द्व समास भई 'लोकविश्वास' शब्दको निर्माण भएको हो । "'लोक' शब्दको शाब्दिक अर्थ संसार, जगत्,, समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समुदाय, जनसमूह" (त्रिपाठी र दाहाल, २०६७, पृ. ११२०) र "'विश्वास' शब्दको शाब्दिक अर्थ दृढ आस्था, पत्यार" (पृ. ११६६) हो । हंसपुरे सुवेदी (२०५५)ले *नेपाली लोकजीवन : लोकविश्वास*मा उल्लेख गरेअनुसार विश्वासले जीवनमा ठुलो महत्त्व लिन्छ। विश्वासबाट नै मानिसले आत्मबल, उत्साह, दृढता, साहस आदि जस्ता सफलताका भावहरू, प्रेरणादायी गुणहरू प्राप्त गर्दछन् (पृ. १९)। यसरी

'लोक' शब्द जनवाचक अर्थमा प्रयुक्त हुँदै आएको देखिन्छ भने 'विश्वास' शब्दले दृढ आस्था एवम् पत्यारको अर्थ बोध गर्दछ। शब्दकोश र अमरकोशमा समेत 'लोक' शब्दको अर्को अर्थ जन वा जनता भन्ने देखिन्छ। निश्चित भूभागमा बसोबास गर्ने सर्वसाधारणलाई 'लोक' शब्दले अभिहित गरेको पाइन्छ। 'लोक' शब्दको प्रयोग वेदहरूमा पनि भएकाबाट यस शब्दको प्राचीनता झल्कन्छ। 'लोक' शब्दको अङ्ग्रेजी समानार्थी शब्द फोक हो भने विश्वासलाई अङ्ग्रेजी भाषामा विलिभ भनिन्छ। "लोकविश्वासलाई अङ्ग्रेजीमा फोक विलिभ भनिन्छ। यस शब्दले मान्छेको मनमा भित्री तहमा गडेर बसेको मानवीय मनोवैज्ञानिक दबाब र मानसिक विश्वासलाई सारका रूपमा ग्रहण गरेको हुन्छ" (पौड्याल, २०७८, पृ. २९)। यसरी लोकविश्वासले जगत्को दृढ आस्था वा पत्यारलाई बुझाउँछ।

हंसपुरे सुवेदी (२०५५)ले *नेपाली लोकजीवन : लोकविश्वास* नामक पुस्तकमा नेपाली लोकजीवनमा प्रचलनमा रहेका लोकतात्त्विक विषयलाई लोकविश्वासका रूपमा लिएका छन् र उनले लोकतत्त्वका रूपमा नभई लोकधर्मका रूपमा लोकविश्वासलाई लिएका देखिन्छन्। यससम्बन्धमा थप प्रकाश पार्दै उनी लेख्छन् :

> लोकले आफ्नै ढङ्गले गर्ने पत्यार वा विश्वास नै लोकविश्वास हो। मानसिक सतहमा जीवनको सुरुदेखि नै घोकाई सहज रूपले टाँस्सिदै आएको, स्वाभाविक तहको लोकको विश्वास हो यो। यहाँ आफ्नो पारिवारिक परम्परा हुर्के बढेको वातावरण र सरसङ्गत, संस्कृति र शिक्षा, मानसिक तह आदिको ठुलो प्रभाव पर्छ। यसका निम्ति न कुनै आधिकारिक प्रमाण चाहिन्छ न तत्काल व्ययभार वा दुःखकष्ट झमेला। (पृ. ख)

लोकविश्वासले लोकको मानस्तलमा नजानिँदो ढङ्गबाट गहिरो प्रभाव पारेको हुन्छ। रामचन्द्र शर्मा पौडेल 'रंघाली' (२०५५) ले *नेपाली लोकजीवन : लोकविश्वास* नामक पुस्तकमा 'मन्तव्य' मा व्यक्त गरेको विचारअनुसार विश्वासमा नै लोकव्यवहार सञ्चालित हुन्थ्यो (पृ. छ)। उनको विचारमा विश्वासबाटै श्रद्धा र भक्ति जन्मन्छ। वास्तवमा लोकविश्वास लोकको श्रद्धा र भक्ति नै हो।

'लोकविश्वास' शब्दको सम्बन्ध शकुनसँग देखिन्छ किनभने प्राचीन समयमा लोकविश्वासलाई शकुन भन्ने गरिन्थ्यो। "शकुन शब्दले लोकले विश्वास गर्ने शुभाशुभ सन्दर्भलाई सङ्केत गर्छ" (पौड्याल, २०७८, पृ. १७) तर लोकमा शुभशुभाको मात्रै नभई अपशकुनसम्बन्धी पनि थुप्रै विश्वासहरू प्रचलित देखिन्छन्। यसर्थ शकुन-अपशकुनसम्बन्धी विश्वास नै लोकविश्वास हो भन्न सकिन्छ। "'लोकविश्वास' शब्दले सुसङ्केत र कुसङ्केतका रूपमा विद्यमान रहेका सामाजिक, संस्कृतिलाई बोध गराएको हुन्छ" (लम्साल, २०७७, पृ. १४५)। लोकविश्वासमा सकारात्मक अर्थका र नकारात्मक अर्थका दुवै भावका विश्वासहरू समावेश छन्। यसैकारण हंसपुरे सुवेदी (२०५५) ले *नेपाली लोकजीवन : लोकविश्वास*मा "लोकविश्वास अन्धविश्वास, रूढिबुढी के हो भन्दै जेजस्तो भए पनि विश्वास विश्वास नै हो। हाम्रो धर्म, संस्कृति आदिको आड बुद्धि-विवेक र तर्कभन्दा विश्वासमा नै आधारित छ" (पृ. क) भनेका छन्। प्रकृतिमा देखिने विविध परिवर्तनको यथार्थ ज्ञानबोध गर्दै मानिसले आफ्नो जीवनमा आइलाग्ने शुभ र अशुभको पहिचान गर्न वा गरेर पनि अनेक विश्वास सिर्जना गरेका छन्। यस विषयमा शकुनशास्त्रको लामो सूची नै देखा पर्छ। जीवनमा भयबाट मुक्त हुन मानिसले असल र खराब हुने क्षण ठम्याउन थालेसँगै लोकविश्वास प्रारम्भ भएको हो। लोकविश्वास लोक जीवनमा रहेको आस्था र निष्ठाको संयोजित रूप हो। आस्था भनेकै विश्वास

हो । "नेपाली लोक जीवनमा विश्वास, आत्म विश्वास, लोक विश्वास र अन्ध विश्वास गरी आस्थाका चार श्रेणी देखा पर्दछन्" (पराजुली, २०७२, पृ. ४१) । नेपाली समाजका विविध प्रकारका लोकविश्वास प्रचलित छन् । विश्वास सार्वभौम प्रकृतिको हुन्छ । मोतीलाल पराजुली (२०७२) ले *नेपाली लोकवार्ता* पुस्तकमा समावेश 'लोकगाथामा लोकतत्त्व' शीर्षकको लेखमा लोक समुदायले अन्तस्करणदेखि नै स्वीकार गरेका विश्वासहरूलाई लोकविश्वास भनिन्छ भन्ने विचार अगाडि सारेका छन् (पृ. ४४) । विश्वास जनाउने हरेक सन्दर्भ मनोविज्ञानमा आधारित रहेको पाइन्छ ।

लोकआस्था वा लोकविश्वासभित्र अनेक विषय समावेश देखिन्छन् । हंसपुरे सुवेदी (२०५५) ले *नेपाली लोकजीवन : लोकविश्वास*मा विश्वासको विषयगत प्रकारलाई सरल ढङ्गले बोध तथा अनुभूत गर्नाका निम्ति यसलाई विभिन्न तहमा राखी विवेचना गर्नु स्वाभाविक मानिन्छ भन्दै लोकविश्वासलाई धार्मिक लोकविश्वास, सांस्कृतिक लोकविश्वास, आभिचारिक लोकविश्वास, व्यावहारिक लोकविश्वास, अन्धविश्वास वा रूढिगत लोकविश्वास (पृ. २८) वर्गीकरण गरेका देखिन्छन् । मोतीलाल पराजुलीले (२०७२)ले *नेपाली लोकवार्ता*मा समावेश 'लोकगाथामा लोकतत्त्व' शीर्षकको लेखमा लोक विश्वासलाई भविष्यवाणीप्रति विश्वास, वरदान, आशीर्वाद, श्राप र श्रापमुक्ति, भाग्यप्रति विश्वास, निषेध (वर्जना), परीक्षासँग सम्बन्धित विश्वासहरू, समाजसँग सम्बन्धित लोक विश्वास, पदार्थप्रतिको लोक विश्वास, विविध विषयसँग सम्बन्धित लोक विश्वास (पृ. ४४-४५) मानेका छन् । षडानन्द पौड्याल (२०७८) ले *नेपाली लोकविश्वास* नामक पुस्तकमा लोकविश्वासलाई मानव शरीरसँग सम्बन्धित विश्वास, व्यवहारसँग सम्बन्धित विश्वास, यात्रासँग सम्बन्धित विश्वास, खानासँग सम्बन्धित विश्वास, शास्त्रीय विधानमा आधारित विश्वास, मानवेतर प्राणीसँग सम्बन्धित विश्वास, सपनासँग सम्बन्धित विश्वास, संस्कृतिसँग सम्बन्धित विश्वास, नेपाली साहित्यमा लोकविश्वास (पृ. ५२) भनी वर्गीकरण गरी चर्चा गरेका छन् । समग्रमा नेपाली समाजमा प्रचलित लोकविश्वासलाई विविध आधारमा विविध प्रकारमा वर्गीकरण गरिएको छ ।

## विमर्श र नतिजा

प्रस्तुत लेखमा नेपाली नाटककारका नाटकमा प्रयुक्त लोकविश्वासको अध्ययन विश्लेषण गरिएको छ । आफू जन्मेको, हुर्केको र बढेको समाजमा विद्यमान लोकविश्वासको प्रभाव स्वतः पर्ने हुँदा नारी नाटककारका नाटकमा पनि यो विषय समावेश रहेको देखिन्छ । नेपाली लोकसाहित्यका साथसाथै आधुनिक साहित्यका विविध विधामा समेत लोकविश्वासको प्रयोग पाइन्छ । मान्छेमा उत्पन्न हुने जिज्ञासाले शकुन-अपशकुनसम्बन्धी थुप्रै लोकविश्वास तयार भएका देखिन्छन् । यसमा शोध्य विषयसँग सम्बन्धित भएर वेदकुमारी न्यौपानको *कलंकी समाज* (२०५०) र *विचलित वर्तमान* नाटक, सुधा त्रिपाठिको *निःश्वासका गुजुल्टाहरू* (२०५५) एकाङ्कीसङ्ग्रहमा समावेश *उनी फर्कंदिनन् कि!* एकाङ्की, जयन्ती 'स्पन्दन' र विजया 'स्मृति'को संयुक्त लेखनमा प्रकाशित *दिदीबहिनी* (२०६३) एकाङ्कीसङ्ग्रहमा समावेश *चेतना, जागा नहोऊ, सुत* र *जीवनस्रोत* एकाङ्कीलाई मात्र केन्द्रीयतामा राखी ती नाटकहरूको विश्लेषणका लागि धार्मिक लोकविश्वास, पापपुण्यसम्बन्धी लोकविश्वास, लैङ्गिकताप्रतिको नकारात्मक अर्थका लोकविश्वास, पोसाकसम्बन्धी लोकविश्वास र लागोभागोसम्बन्धी लोकविश्वासलाई आधार बनाइएको छ ।

## धार्मिक लोकविश्वास

नेपाल एक बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक हो । यहाँ प्रत्येक जाति र समुदायका आआफ्नै प्रकारका धर्म र त्यसद्वारा सिर्जित धार्मिक लोकविश्वास विद्यमान देखिन्छन् ।

"धार्मिक लोकविश्वासमा मन्दिर तथा देवी देवता सम्बन्धी, दर्शन-स्पर्शन र पूजापाठ, दानपुण्य, धर्मकर्म आदि" (सुवेदी २०५५, पृ. २८) पर्दछन्। यसअन्तर्गत धार्मिक आस्था वा पत्यारसँग सम्बन्धित लोकविश्वास पर्दछन्। "केही शास्त्रीय नियमहरू र केही आफ्नै जातीय कुलका परम्पराका नियमहरू मिसाएर लोकधर्मको निर्माण गरिएको छ" (पराजुली, २०७२, पृ. ५३)। प्रत्येक जाति र समुदायले आआफ्नै किसिमका लोकधर्मको रचना गरेका हुन्छन्। "सामान्य अर्थमा यहाँ भएको लोकधर्मको सङ्केत-परम्परित लौकिकपद्धति वा विधिव्यवहार बुझिन्छ" (सुवेदी, २०५५, पृ. २३)। धार्मिक नियमप्रतिको आस्था र निष्ठाबाटै धार्मिक लोकविश्वास बनेका हुन्छन्। "कर्म, पर्व र संस्कारका अधिकांश विषय पनि धार्मिक विश्वासका निकटबाट समाज अगाडि बढेका हुन्छन्" ( पौड्याल, २०७८, पृ. ३७)। धार्मिक लोकविश्वास धार्मिक आस्थामा केन्द्रित रहन्छन्। लोकजीवनमा प्रचलित कतिपय धार्मिक लोकविश्वास अन्धविश्वासका रूपमा पनि देखिन्छन्। "परम्परादेखि चल्दै आएको रीतिरिवाज र चाल चलनप्रति कुनै प्रश्न नराखी वा विवेकको प्रयोग नगरी अन्धो सुरमा गरिने विश्वास अन्ध विश्वास हो, यस्तो विश्वास विज्ञान सम्मत नभई अन्ध परम्परामा आश्रित हुन्छ" (पराजुली, २०७२, पृ. ४१)। नेपाली समाजमा प्रचलित कतिपय धार्मिक लोकविश्वासमा अन्ध विश्वास पनि रहेका छन्। "त्यस्तै अन्धविश्वास हो -परम्परागत रीतिरिवाज वा चालचलनमाथि विवेक विचार नराखी अन्धोसुरमा गरिने श्रद्धा वा विश्वास। नेपाली लोकमानसमा यस्ता परम्पराले लोकधर्मको रूप ग्रहण गरी व्यापकता अँगाल्न पुगेका छन्" (सुवेदी, २०५५, पृ. २३)। रामायण, महाभारत, श्रीमद्भागवत आदिमा यस्ता लोकधर्मको प्रशस्त उल्लेख पाइन्छन्। यस्ता लोकधर्म लोकविश्वासका रूपमा नेपाली नारी नाटककारमा नाटकमा प्रयुक्त पाइन्छन्।

नाटककार वेदकुमारी न्यौपानेद्वारा लिखित *विचलित वर्तमान* (२०५८) पूर्णाङ्की नाटकमा धार्मिक लोकविश्वासको प्रयोग देखिन्छ। नाटकको अङ्क एक मङ्गल ध्वनिसँगै हुने सङ्केत छ। मङ्गल सङ्केतले शुभशुभाको अवस्था बोध गराउँदछ। कुनै शुभ कार्य गर्नुअगावै मङ्गल धूनका साथै मङ्गलाचरण स्तुतिगान गरिन्छ। यसो गर्दा गर्न लागिएको कार्य कुनै विघ्नविना सुखद रूपमा सम्पन्न हुन्छ भन्ने धार्मिक लोकविश्वास अद्यपि रहेको छ। विवाहपूर्व दुलाहापट्टि र दुलहीपट्टिका पाका मान्छेका उपस्थितिमा उनीहरूको साछी राखेर टीकाटालो गर्ने र गराउने परम्परा छ। यसो गर्दा दुलाहादुलहीको मात्र होइन, पारिवारिक सम्बन्ध पनि दिगो रूपमा कायम रहिरहन्छ भन्ने लोकविश्वास देखिन्छ। यसका साथसाथै बुढापाकाको आशीर्वाद लाभ फलदायी हुन्छ भन्ने विश्वास पनि छँदै छ। यस नाटकमा धार्मिक लोकविश्वास र मान्यताअनुरूप नै दुलाहा रमेश र दुलही ज्योतिको टीकाटालो भएको छ। "सामान्यतः कुनै यात्रा वा शुभ कार्यका थालनीमा, कार्य समाप्तिपछि कार्यसिद्धि होस् भन्ने कामना गर्दा वा कुनै कामबाट मान्यजनहरू खुसी भएमा आशीर्वाद दिने प्रचलन पाइन्छ। यी आशीर्वाद कहीं फलदायी भएको र कहीं फलहीन भएको चित्रण पाइन्छ" (पराजुली, २०७२, पृ. ६७)। यस नाटकको सुरुमा रमेश र ज्योतिको टीकाटालो भए तापनि विविध घटनाक्रमले गर्दा नाटकको अन्त्यमा ज्योतिको विवाह रमेशसँग नभई विजयसँग भएको छ।

यसै गरी बहुदलीय व्यवस्थाका लागि लड्दालड्दै विश्वनाथको नाति राजनको मृत्यु हुन्छ। २१-२२ वर्षीय राजनकी पत्नीले लोकधर्मअनुसार विधवाको जीवन बिताउँछिन्। समाजमा व्याप्त धार्मिक लोकविश्वासकै कारण ज्ञानुले मनमा चाहना हुँदाहुँदै पनि भरतको प्रेमलाई सहज रूपमा अप्नाउन सक्दिनन्। उनी म कसरी हिम्मत गरुँ ? मेरो जीवनमा डँडेलो लागिसकेको छ.... । मेरो मुटु चिराचिरा परिसकेको छ र यो समाजले र संस्कारले हतकडी-नेल ठोकिसकेको छ। त्यो तोड्ने

शक्ति म अबलाको छैन (पृ. ११२-११३) भन्छिन् । समाजमा प्रचलित कानुन, रीतिरिवाज, लोकविश्वास आदिमा लैङ्गिक विभेद रहेका छन् । अवस्था र परिवेश एउटै भए तापनि पुरुष र महिलाका लागि नियम तथा लोकविश्वास फरकफरक रूपमा सिर्जित देखिन्छन् । यदि पत्नीको मृत्यु भएको छ वंश अगाडि बढाउन भन्दै घरपरिवारले दबाब दिएरै अर्को विवाह गरिदिने लोकसमाजले उमेरमै विधवा बन्दा पनि बुहारीका सम्बन्धमा कडा र बाध्यकारी लोकविश्वास बनाइदिन्छ जस्तै रातो र राम्रो लुगा लगाउन नहुने, मिठो खाना खान नहुने, हाँस्न नहुने, पुरुषको अनुहार हेर्ने नहुने आदि आदि । अझ राणाकालीन समयसम्म पति मर्दा ज्युँदै पत्नीले सती जानुपर्ने परम्परा थियो । महाभारतकालीन समयदेखि नै सती प्रथाको परम्परा देखिन्छ । हिन्दू लोकसमाजले नारी पतिव्रता हुनुपर्ने लोकविश्वास छ । पतिव्रता नारीले २१ पुस्तालाई स्वर्गमा लैजान सक्छन् भन्ने विश्वास गरिन्छ । बोक्सी प्रथा, सती प्रथा, छाउपडी प्रथा आदि यस्तै धार्मिक लोकविश्वासबाट प्रेरित परम्पराहरू हुन्, जसले नारीलाई हीन प्राणीका रूपमा प्रस्तुत गर्दछ । यस नाटकमा यस्ता लोकविश्वासले ज्ञानुले आफूलाई कमजोर र अबला रहेको कुरा बोध गर्न र गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ । सुजित मैनाली (२०७८) ले *सती*मा व्यक्त गरेअनुसार यसरी धर्म नारीप्रति अनुदार मात्र होइन, कतिपय अवस्थामा हिंस्रक नै हुन्छ तैपनि धर्मप्रति नारीहरू नै बढी अनुरक्त हुन्छ (पृ. १२) । यिनका अनुसार सती प्रथा एक सांस्कृतिक हिंसा हो । नाटकको अन्त्यमा विश्वनाथले भरत र ज्ञानुको सम्बन्धलाई स्वीकार गर्दै दुवै हात आशीर्वाद स्वरूप उनीहरूको शिरमा राख्छन् (पृ. १२९) । शुभ कार्यमा मान्यजनको आशीर्वाद लिनेदिने परम्परा आदिकालदेखि प्रचलित देखिन्छ । "मान्यजनद्वारा वात्सल्यका कारण साना व्यक्तिहरूलाई इष्ट वस्तु प्राप्त गर्न दिइने मंगल कामनालाई आशीर्वाद भनिन्छ" (पराजुली, २०७२, पृ. ६७) । लोकविश्वासमा मान्यजनको आशीर्वाद लाभदायक हुने मानिए तापनि यस्ता आशीर्वाद पूरा हुन पनि सक्छ र नहुन पनि सक्छ ।

**पापपुण्यसम्बन्धी लोकविश्वास**

नेपाली लोकजीवनमा परापूर्वकालदेखि पापपुण्यसम्बन्धी विविध लोकविश्वासका कथाहरू बुनिँदै आएका पाइन्छन् । पुण्य सत्कर्ममा आधारित हुन्छ भनी पाप दुष्कर्ममा आधारित हुन्छ । सत्कर्मले जीवन फलदायी हुने र दुष्कर्मले जीवन अभिशप्त हुने लोकविश्वास छ । "धार्मिक दृष्टिले खराब ठहरिने र इहलोक-परलोक दुवैमा अशुभ फल दिने कार्य वा कुकर्मलाई पाप भनिन्छ भने पवित्र कर्म वा सत्कर्म गर्नुलाई पुण्य भनिन्छ अथवा भनौँ धार्मिक विश्वास अनुसार असल काम वा परोपकारबाट प्राप्त हुने शुभ फल पुण्य हो" (पराजुली, २०७२, पृ. ५७) । लोकले यस्ता पाप र पुण्यप्रति विश्वास राख्दछ र त्यहीअनुरूप कार्य सम्पादन गर्दछ । यस्ता कतिपय लोकविश्वासले मानिसलाई कुमार्गमा नलागी सत्मार्गमा लाग्ने उत्प्रेरणा प्रदान गर्दछन् भने कतिपय पापपुण्यसम्बन्धी लोकविश्वासमा अन्धविश्वासको हाबी पाइन्छ । नारी नाटककार जयन्ती स्पन्दन र विजया स्मृतिको संयुक्त लेखनमा प्रकाशित *दिदीबहिनी* (२०६३) एकाङ्कीसङ्ग्रहमा सङ्कलित *चेतना* र *जागा नहोऊ, सुत* एकाङ्कीमा पापपुण्यसम्बन्धी लोकविश्वास प्रयुक्त देखिन्छ ।

जयन्ती स्पन्दनद्वारा लिखित *चेतना* एकाङ्कीमा खानासम्बन्धी लोकविश्वास आरम्भमा नै चित्रित छ । यहाँ बाटुली आमासँग मेरा त असाध्यै भुँडी बाउँडियो (पृ. ३७) भन्दै बेलुकाको रोटी माग्छिन् । "आहार नभएसम्म प्राणीको जीवन चल्न सक्दैन । तसर्थ आहारलाई जीवनको पहिलो प्राथमिकतामा राखिएको छ" (पौड्याल, २०७८, पृ. ९७) । तर यहाँ आमा छोरीलाई माया गरेर खाना खानदिनुको सट्टा झन् अपशब्दका साथ गाली गर्दछिन् । उनी भन्छिन् :

असती, किन यताबाट आएकी ? घरपछाडिबाट गएर टाट्नाका छेउतिर भारी बिसाउनु पर्दैन । यता फर्किँदैनफर्की, जाजा, गैहाल, बुबा र दाइ यत्तै बसेका छन्, फलफूलका बोट यतैतिर नुहेका छन्, गर्नुगरिहाली नि बजिनीले । सुद्धि नभएकी आइमाई थाहा छैन, तँलाईं । लोग्नेमान्छेको अनुहार हेर्न हुँदैन, त्यो पनि बुबा र दाइको । तिनीहरूको आयु घटाएर के पाउँछेसे तैले । हिजो त्यत्रो भनेको त, पत्तै छैन यस लाटीलाई । हामी त नछुने हुँदा साता दिनसम्म बाछौँ । झन् पहिला पालाले एक महिनै बार्नुपर्छ । पापिनी! नछुने हुँदा के गर्न हुने के गर्न नहुने, अरूको देखेर पनि जान्नुपर्ने है । तँ त कुलङ्घार्नी नै रैछेस् । (पृ. ३७)

यहाँ पापपुण्यसम्बन्धी लोकविश्वास नकारात्मक अर्थमा प्रस्तुत गरिएको छ । रजस्वलाको अवस्था कुनै पापकर्म होइन, यो त शारीरिक अवस्था हो । निश्चित उमेरमा प्रत्येक युवतीमा यो शारीरिक परिवर्तन आउँछ नै । यो परिपक्वताको परिचायक हो । यसलाई सिर्जनाको बीजको रूपमा लिइन्छ तर यहाँ आमाको नजरमा रजस्वला भएकी युवती अपवित्र बनेकी छन् । उनले छोए बोटबिरुवा मर्ने मात्र होइन, रजस्वलाको अवस्थामा पुरुषको मुख हेरे, तिनीहरुको आयु घट्ने सम्मको लोकविश्वास आमामा विद्यमान देखिन्छ । यसैकारण उनी छोरीलाई असती, सुद्धि नभएकी आइमाई, कुलङ्घार्नी, पापिनी भन्न कुनै सङ्कोच मान्दिनन् । उनको विचारमा रजस्वला भएकी आइमाईले, बोटविरुवा छुनु, पुरुषको अनुहार हेर्नु, सबैभन्दा पहिला खानु, गाईको दूध खानु सबै पापकर्म हुन् । वास्तवमा यी धर्मद्वारा प्रेरित पापपुण्यसम्बन्धी अन्धविश्वास हुन् भन्ने कुरा आमाको निम्न कथनबाट पनि पुष्टि हुन्छ -नछुने भका बेलामा छाइछुइ गर्नु हुँदैन, महापापी हुइन्छ भनेर सिकाउँथ्यौ त अरू बेला । अस्ति ऋषिपञ्चमीमा पनि गाउँका सबलाई कथा सुनाएका होइनौ ? (पृ. ३८)

तिजको ऋषिपञ्चमीलगायतका समयमा सुनाउने यस्ता लोककथाले आमाजस्ता नारीका मनोविज्ञानमा लोकधर्मका यिनै लोकविश्वासले दरो जरा गाडेकै कारण उनीहरू आफ्नै सन्तानप्रति पनि अमानवीय रूपमा प्रस्तुत हुन हिच्किचाउँदैनन् । उनको विचारमा त छोरी पापका भारी नै हुन् । आमामा विश्वास यो छ कि नछुने भैसकेकाको कन्यादान दिए पनि फल पाइँदैन भन्छन्, यति नै छिटो होला जस्तो लागेको थिएन (पृ. ३९) । कन्यादान सबैभन्दा पुण्य कार्य हो भन्ने लोकविश्वासकै कारण लोकसमाजमा बालविवाह प्रथाको सुरुवात भएको हो । “छोरी रजोवती हुनुभन्दा पहिल्यै कन्याका पिता स्वयंले एकै पटक विधिसाथ उनको विवाहसंस्कार गरिदिनुपर्दछ नत्र उनलाई ठुलो पाप हुन्छ” (सिट्टी, २०७२, पृ. १३७) । मनुस्मृतिमा छोरी रजोवती हुनुभन्दा अगावै विवाह गरिदिने कार्यलाई पुण्य प्राप्त हुने लोकधर्मका रूपमा प्रस्तुत गरेको पाइन्छ । यही लोकधर्मले आमाको मनस्थितिमा गहिरो प्रभाव पारेको छ । आमाको विचारमा पनि रजस्वला हुनअगावै कन्यादान गरेको भए अर्थात् छोरीको विवाह गरिदिएको भए त्यो पुण्य कर्म हुने लोकविश्वास छ । आज यो लोकविश्वास हट्दै गएको छ । नेपालको कानुनले बालविवाहलाई दण्डनीय कार्य मानेको अवस्था छ ।

**लैङ्गिकताप्रतिको नकारात्मक अर्थका लोकविश्वास**

सृष्टिकालसँगै मानव जातिको उत्पत्तिसँगै त्यहाँ लैङ्गिक रूपमा नारी र पुरुष दुई वर्ग र जातिको अस्तित्व रहिआएको देखिन्छ । आदिकालमा यी दुवै जाति र वर्गको स्थान र भूमिका एउटै थियो । वास्तवमा नारी र पुरुष मानव नै हुन् । लैङ्गिक तथा जैविक रूपमा मात्र यी भिन्न देखिन्छन् तापनि समयसँगै परिर्वतन हुँदै आएका धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक पक्षका

व्यवहारले महिलालाई दोस्रो दर्जाको र अन्याका रूपमा व्याख्या विश्लेषण गरिँदै आएको पाइन्छ। नेपाली लोकसमाजमा पनि लैङ्गिकताप्रतिको नकारात्मक अर्थका लोकविश्वास सिर्जित र विस्तारित हुँदै आएको देखिन्छ। "भानुभक्तकालीन समाजको प्रतिरूप उनका बधुशिक्षाजस्ता कृतिमा देखियो, जसले हाँस्ने नारी वेश्या हुने, नारीले पति वा पुत्रको अधीनस्थ हुनुपर्ने जस्ता अनेकन विषयमा भानुभक्तले तत्कालीन समाजको छायामात्र देखाएनन्, पूर्ण रूपले नेपाली महिलालाई ईश्वररूपी पुरुषभक्ति उत्प्रेरित गरे" (वैजयन्ती, २०७७, पृ. ३०५)। यसमा लैङ्गिकताप्रतिको लोकविश्वास समाविष्ट छ। नेपाली लोकसमाजमा नारी र पुरुषका लागि लोकविश्वासमा भिन्नता देखिन्छ। नेपाली लोकसमाजमा पुरुषलाई मुख्य र नारीलाई अन्याका रूपमा हेर्ने लोकविश्वासको वर्चस्व रहेको छ।

सुधा त्रिपाठीद्वारा लिखित *निःश्वासका गुजुल्टाहरू* (२०५५) एकाङ्कीसङ्ग्रहमा समाविष्ट *उनी फर्कंदिनन् कि !* शीर्षकको एकाङ्कीमा लैङ्गिताप्रतिको लोकविश्वासको प्रयोग देखिन्छ। प्रस्तुत एकाङ्कीमा अमृतकी आमा छोराको गृहस्थी भताभुङ्ग हुनुमा केवल बुहारी विन्दुको दोष देख्छिन्। उनी भन्छिन् : जसले एउटा सजिएको फूलबारीमा आगो लगाई, जसले झ्याङ्गिन लागेका गृहस्थीको लहरालाई चुँडालिदिई...बिर्सिदे त्यस बोक्सीलाई ! कुल र घरानकी सम्पन्न, राम्री बिहे गर्नुपर्छ भन्दा तैँले नै त हो, पढेलेखेकी बिहे गर्ने भनेर अड्डी लिएको ! चखाइन के स्वाद पढे लेखेकीले ? (पृ. ३)। नेपाली लोकजीवनमा आजसम्म पनि लोकविश्वास के छ भनी घरगृहस्थी विखण्डनबाट जोगाउने जिम्मा र दायित्व केवल महिलाको मात्र हो। उनीहरूले घर गृहस्थी जोगाउन जेजस्तो पनि सम्झौता गर्नुपर्दछ। तर यहाँ नाटककार प्रश्न गर्छिन् -"परिवारलाई विखण्डनबाट जोगाउने जिम्मेवारी महिलाको मात्रै हो त?" (त्रिपाठी, २०५५, पृ. छ)। अमृतकी आमाको विचारमा बुहारी आदर्श हुनुपर्थ्यो, जसले घर गृहस्थी जोगाउन जे पनि गर्नुपर्थ्यो; तिनमा अन्धआज्ञापरायणता हुनुपर्दथ्यो यद्यपि उनले आफ्नो छोरामा कुनै दोष देखेकी छैनन्। बुहारी विन्दुले किन गृहत्याग गरिन् ? भन्ने प्रश्न आमाका लागि निकै गौण रहेको छ। यसको मुख्य कारक तत्त्व लोकसमाजमा विद्यमान लैङ्गिताप्रतिको लोकविश्वास नै हो। पुरुषलाई मुख्य र प्रधान मान्ने लोकविश्वासकै कारण पुरुषमा अमृतको झैं मानसिकता तयार हुन्छ। उनी आफ्नी पत्नी विन्दुलाई गाली गर्दै भन्छन् -नारी स्वतन्त्रता चाहियो रे कुन्नि, केरे केरे ! के खोज्या तिमीले ? आफू त भाँडियौ, भाँडियौ ? संसारका छोरीबेटी पनि बिगार्न थाल्यौ, हौइन ? (पृ. ६)। उनको विचारमा नारीले आफ्नो लागि बोल्नु बढी बोल्नु हो। आफ्नो अस्तित्वको लागि आवाज उठाउनु भाँडिनु हो। अमृतको विचारमा त पत्नीले पतिको नियन्त्रणमा रहनपर्दछ; पत्नी पतिव्रता हुनुपर्दछ तर आजका पढेलेखेका शिक्षित महिलाले परम्परागत लोकविश्वासले तयार पारेको मानसिकता निर्देशित व्यवहार सहेर बस्दैनन्, जसरी यहाँ विन्दुले आफ्नो अस्तित्वको लागि गृहत्याग गरेकी छन्। त्यसैकारण यहाँ नाटककार त्रिपाठीले "मूल रूपमा पुरुषले आफूलाई सधार्नुपर्छ। अन्यथा पारिवारिक विखण्डन जोगिन सक्तैन। आजकी नारी प्रेमका नाममा आफ्नै अस्तित्वको मलामी जान मन पराउँदिन" (त्रिपाठी, २०५५, पृ. छ) भनेकी छन्। लैङ्गिकतासम्बन्धी नकारात्मक अर्थका लोकविश्वास अब लोकसमाजबाट हट्नुपर्ने नाटककारको निष्कर्ष देखिन्छ।

**पोसाकसम्बन्धी लोकविश्वास**

नेपाली लोकसमाजमा पोसाकसम्बन्धी धेरै लोकविश्वासहरू प्रचलित पाइन्छन्। यस्ता लोकविश्वासहरू पनि मूलतः समाज, धर्म, संस्कृति र परम्परासँग जोडिएका हुन्छन्। पूर्वीय धार्मिक

मान्यतालाई स्वीकार गरेको नेपाली समाजमा धर्मले निर्देश गरेका व्यवहारमा आधारित पोसाकसम्बन्धी लोकविश्वास प्रचलित हुँदै आएका देखिन्छन् ।

नेपाली लोकसमाजमा प्रचलित पोसाकसम्बन्धी लोकविश्वास पनि पूर्वीय धर्म र संस्कृतिबाट प्रेरित देखिन्छ । प्रायः शुभ कर्ममा महिलाले रातो वस्त्र नै लगाउनुपर्ने र विधवाले सेतो सादा वस्त्र धारण गर्नुपर्ने लोकविश्वास नेपाली लोकसमाजमा देखिन्छ । श्रीमती सावित्री पोखरेलको *कलंकी समाज* (२०५०) मा पनि पतिको मृत्युपश्चात् शशीले सेतो सारी र सैतै ब्लाउज लगाएकी छन् । वेदकुमारी न्यौपानेको *विचलित वर्तमान* (२०५८) नाटकमा पति राजनको मृत्युपछि ज्ञानु विधवाको भेषमा प्रस्तुत भएको अवस्थाको चित्रण छ । उनको सिउँदोको सिंदुर पनि पुछिएको सन्दर्भ चित्रित छ । हिन्दु धार्मिक परम्परामा चुरा, पोते र सिन्दुरलाई सौभाग्यको प्रतीक मानिन्छ । लोग्नेको मृत्युसँगै यी कुराहरू पत्नीले लगाउन नहुने लोकविश्वास नेपाली लोक जीवनमा रहेको छ ।

**लागोभागोसम्बन्धी लोकविश्वास**

नेपाली समाजमा लागोभागोसम्बन्धी लोकविश्वास पनि विद्यमान देखिन्छन् । “लागोभागो अनौठो कुरा हो । यसभित्र नै आँखा लाग्नु, बोक्सी लाग्नु सराप लाग्नु इत्यादि पर्दछन्” (रंघाली, २०५५, पृ. ठ) । टुना मन्तर र मोहनीले स्थान पाएको नेपाली लोकजीवनमा धामी बस्नु, देवता चढ्नु आदिलाई पनि तन्त्रमन्त्र, उपासना र साधनाकै रूपमा लिइन्छ । “समस्याको निराकरण गर्ने अन्य उपाय नभएको समयमा मानिसले अदृश्य शक्तिको आराधना गर्छ” (पौड्याल, २०७८, पृ. ३६) । यसैकारण मानिसले आफ्नो समस्या निदानका लागि परम्परादेखि प्रचलित लोकविश्वासमा आधारित विधि प्रयोग गर्दछन् । *दिदीबहिनी* एकाङ्कीसङ्ग्रहमा समावेश नाटककार विजया स्मृतिको *जीवनस्रोत* एकाङ्कीमा लागोभागोसम्बन्धी लोकविश्वासकै कारणले गर्दा निशा र सनदले बिरामी छोरालाई बचाउनका लागि झाँक्रीको सहारा लिन उपयुक्त मान्छन् । झट्टै मयलपानी गाउँको साइँलो झाँक्री लिएर आऊ, ए बुढा, चिना पनि हेराउने हो कि त (पृ. ५७) ? भन्ने निशाको कथनमा निदानात्मक लोकविश्वास झल्कन्छ । छोरालाई पनि कुलदेवता उठाएर लगाइदिए जस्तो छ (पृ. ५७) भन्दै निशा माता बसाउँछिन् । माता काम्दै ल..अब म कुलदेवता पनि हटाइदिन्छु, बोक्सी पनि हटाइदिन्छु । कसैले नछुने गरी ऊ त्याँ आगो फुक्नुहोस् र फलामे पुन्यु तताएर ठिक पार्नुहोस् ( पृ. ५८) भन्छिन् । यसरी यस एकाङ्कीमा लागोभागोसम्बन्धी लोकविश्वास र त्यस समस्याको निदानका लागि नेपाली समाजमा सदियौँदेखि गरिँदै आएको विधिको चित्रण देखिन्छ ।

**निष्कर्ष**

नेपाली नारी नाटककारका नाटकमा विविध प्रकारका सकारात्मक र नकारात्मक अर्थका लोकविश्वासको प्रयोग देखिन्छ । लोकविश्वास लोकजीवनको वास्तविकतासँग गाँसिएको हुन्छ । यसैकारण साहित्यमा लोकजीवनसँगै लोकविश्वासको पनि उपस्थिति भएको देखिन्छ । नेपाली नारी नाटककारका नाटकमा लोकविश्वासको यथार्थ प्रकटीकरण पाइन्छ । सावित्री पोखरेलको *कलंकी समाज,* वेदकुमारी न्यौपानेको *विचलित वर्तमान* नाटकमा पोसाकसम्बन्धी लोकविश्वासको प्रयोग रहेको छ । यसमा विधवाले सेतो वस्त्र धारण गरेर सादा जीवन बिताउनुपर्ने लोकविश्वास विद्यमान देखिन्छ । यसै गरी *विचलित वर्तमान* नाटकमा धार्मिक लोकविश्वासको पनि प्रयोग रहेको छ । यसमा धार्मिक लोकविश्वास लोकधर्मका रूपमा रहेको कुरा अगाडि सारिएको छ । *दिदीबहिनी* एकाङ्कीसङ्ग्रहमा सङ्गृहीत *चेतना* र *जागा नहोऊ, सुत* एकाङ्कीहरूमा पापपुण्यसम्बन्धी लोकविश्वास प्रयुक्त देखिन्छ । यसमा रजोवती अवस्थामा निषेध गरिएका कामहरू गरेमा पाप लाग्ने

र ती परम्परालाई कडा रूपमा प्रयोग गरेमा पुण्य लाग्ने लोकविश्वास समावेश छ । यस्तै रजोवती हुनुभन्दा पहिल्यै कन्याको कन्यादान गरेमा सबैभन्दा ठुलो पुण्य मिल्ने नेपाली लोकजीवनको लोकविश्वास पनि यसमा स्पष्ट चित्रण छ । यसै एकाङ्कीसङ्ग्रहमा समावेश *जीवनस्रोत* एकाङ्कीमा लागोभागोसम्बन्धी लोकविश्वासले गर्दा माताले झाडापखाला लागेर बिरामी भएको छोरालाई फलामे पुन्यु तताएर डाम्न लागेको अवस्था चित्रित देखिन्छ । सुधा त्रिपाठिको *निःश्वासका गुजुल्टाहरू* एकाङ्कीसङ्ग्रहमा समावेश *उनी फर्कंदिनन् कि !* शीर्षकको एकाङ्कीमा लैङ्गिकताप्रतिको नकारात्मक अर्थका लोकविश्वासको प्रयोग रहेको छ । नेपाली लोकजीवनमा लोकविश्वासको प्रयोग लैङ्गिक रूपमा भिन्न रहेको यथार्थ यसमा चित्रित छ । नेपाली लोकजीवनको यथार्थ र मौलिकता लोकविश्वासमा झल्कन्छ । आजको वैज्ञानिक युगमा विज्ञानले कतिपय लोकविश्वास अन्धविश्वास मात्र रहेको प्रमाणित गरिसकेको अवस्था देखिन्छ यद्यपि लोकविश्वास सबै अन्धविश्वास मात्रै हुन् पनि भन्न सकिँदैन । युगौँयुगदेखि पुस्तौँपुस्ता हस्तान्तरण हुँदै आएका लोकविश्वासमा हाम्रा पुर्खाको ज्ञान, अनुभव, मूल्य, मान्यता, जीवनपद्धति आदि सञ्चित रहेका छन् यद्यपि नकारात्मक सोच भएका लोकविश्वास पनि नभएका होइनन् । महिलाहरूका सन्दर्भमा बनेका नकारात्मक लोकविश्वासलाई त्याग्दै निराधार र अवैज्ञानिक लोकविश्वास परिमार्जनको आवश्यकताबोध नेपाली नारी नाटककारका नाटकमा उठान गरिएका छन् ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, बाबुराम (२०५४). *नेपालको सांस्कृतिक परम्परा.* श्रीकृष्ण आचार्य ।

त्रिपाठी, वासुदेव र दाहाल, बल्लभमणि (२०६९). *नेपाली बृहत् शब्दकोश.* (आठौँ संस्क). सम्पा. नेपाल प्रज्ञा-प्रतिष्ठान ।

त्रिपाठी, सुधा (२०५५). *निःश्वासका गुजुल्टाहरू.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

त्रिपाठी, सुधा (२०६३). साहित्यमा महिला लेखनको इतिहास. *अस्मिता.* (वर्ष १, अङ्क १). (पृ. ३-४०) ।

न्यौपाने, वेदकुमारी (२०५८). *विचलित वर्तमान.* देवानन्द न्यौपाने ।

पराजुली, मोतीलाल (२०७२). लोकगाथामा लोकतत्त्व. *नेपाली लोकवार्ता.* नेपाल प्रज्ञा-प्रतिष्ठान. (पृ. ४०-७१) ।

पोखरेल, सावित्री (२०५०). *कलंकी समाज.* (दोस्रो संस्क.). उन्नयन प्रकाशन ।

मैनाली, सुजित (२०७८). *सती.* किताब पब्लिसर्स प्रा.लि ।

रंघाली, रामचन्द्र पौडेल (२०५५). मन्तव्य. *नेपाली जनजीवन : लोकविश्वास.* साझा प्रकाशन. (पृ. च-ढ) ।

लम्साल, रामहरि (२०७७). कुञ्जिनी खण्डकाव्यमा कुसङ्केतन. *प्रज्ञा.* (पूर्णाङ्क ११८). २०७६ साउन-पुस. (पृ. १३६-१४५) ।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लुइँटेल, तिलकप्रसाद (२०६३). *ऋग्वेद संहिता.* विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, लीला (२०६९). *नेपाली महिला साहित्यकार.* गुञ्जन नारी साहित्यिक संस्था ।

वैजयन्ती, मिश्र (२०७७). साहित्यलेखन : नारीवादी लेखकका सन्दर्भमा. *भृकुटी.* भृकुटी पब्लिकेसन्स. भाग २३. (पृ. ३०१-३११) ।

शर्मा, मोहनराज र अन्य (२०६३). *लोकवार्ता विज्ञान र लोकसाहित्य.* विद्यार्थी पुस्तक भण्डार ।

सत्याल, नर्मदेश्वरी (२०७९). *नेपाली लोकपरम्परामा महिला.* ने.प्र.प्र.।

सिद्दी, सलाहुद्दीन अख्तर (२०७२). *मनुस्मृतिको पारिवारिक व्यवस्था र नेपालमा पारिवारिक विवाद.* मुशीं सिद्दीकी परिवार ।

सुवेदी, हंसपुरे (२०५५). *नेपाली जनजीवन : लोकविश्वास.* साझा प्रकाशन ।

स्पन्दन, जयन्ती र स्मृति, विजया (२०६३). *दिदीबहिनी.* विवेक सिर्जनशील प्रकाशन प्रा.लि ।